जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ११७ पृष्ठः ४ | २०८१ भदौ १७ गते सोमबार (Monday 02 Sep. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारमा ब्राउन सुगरको होलसेल पसल, प्रहरी मुकदर्शक

सिरहा, १६ भदौ। जिल्लाको मध्यभागमा पर्ने गोलबजार यतिबेला लागू औषधको हबका रुपमा रुपान्तरित हुँदै गएको छ। एक अध्ययन अनुसार गोलबजारमा ब्राउन सुगरको होलसेल पसल नै चारवटा र खुद्रा पसल दर्जनौ रहेको पाइएको छ। गोलबजारमा रहेको तीनवटा सुधार केन्द्र (पुनर्स्थापना केन्द्र) मा रहेका ५० जना दुर्व्यसनीहरुसँग गरिएको वार्तालापबाट आएको तथ्य अनुसार गाँजा, ट्यावलेट, सुई र करेक्स त लगभग खुला रुपमै बिक्री हुन्छ। प्रयोगकर्ताहरु सीमापारी भारतीय बजार पुगेर लागू औषध प्रयोग गरेर आउँछन्। फर्किदा बोकेर ल्याउँछन्। मोटरसाइकलमा घुमेर बिक्री गर्छन्। प्रयोगकर्ताहरु जहाँ छन् त्यहीँ पुऱ्याउँछन्। प्रयोगकर्ताहरु सामुदायिक वन, खोल्साखोल्सी , खाली घर , खोलानाला र बगैंचाहरुमा बसेर लागू औषध बिक्रेतालाई फोन गर्छन्। बिक्रेताले मोटरसाइकलमा त्यहीँ पुऱ्याइदिन्छन्।




मकवानपुर रिकभरिङ्ग समूह (पुनर्स्थापना केन्द्र)मा आफूलाई सुधार्ने कोशिसमा रहेका दुर्व्यसनी रामगोपाल दास (नाम परिवर्तन) भन्छन्, 'गोलबजारमा ब्राउन सुगरको होलसेल पसल छ। यहाँबाट सिरहा, धनुषा, कटारी, ओखलढुंगा, सोलु, सिन्धुली, गाइघाट र काठमाडौंसम्म ब्राउन सुगर निर्यात हुन्छ। काकडभिट्टा र वीरगञ्ज नाकाबाट 'माल' आउँछ। भारतीय बजार जयनगर, लदनीयाँ र लौकहा नाकाबाट पनि यदाकदा भित्रिने उनको भनाइ छ। गोलबजारका युवा तथा समाजसेवी सुरेश साह भन्छन्,'दैनिक उपभोग्य वस्तु र अन्य सामान भन्सार चोरी पैठारी गर्ने तस्कर (स्थानीय भाषामा 'ब्लेकिया') हरु र प्रहरीबीच साँठगाँठ छ। महिनावारी रकम बुझाएर 'ब्लेकिया'हरुले मालसामान पैठारी गर्छन्। उनीहरुलाई प्रहरीले समात्दैनन्।

उनीहरुले अतिरिक्त मुनाफाका लागि अन्य सामानहरुसँग लागू औषध पनि भित्र्याउँछन्। गोलबजारमा ब्लेकियाहरु धेरै छन्। भन्सार छलेर लत्ता कपडा ,चिनी, तेल र मोटर पार्टस धेरै ल्याइन्छ। त्यही सामानमा मिसाएर लागू औषध पनि आउँछ। त्यसकारण गोलबजार लागू औषधको हब बनेको छ।' गोलबजारका संस्थागत विद्यालय सञ्चालक तथा प्रतिष्ठित व्यक्तित्व मनोज कुमार यादव भन्छन्, 'विद्यालय वरिपरी हामीले निगरानी बढाएका छौं। टिफिनको समयमा ब्राउन सुगरलगायत अन्य लागूऔषध बोकेर एजेन्टहरु विद्यालय छेउछाउ चक्कर लगाउँछन्। एजेन्टहरुलाई कतिपटक चेतावनी दिएर लखेटेका छौं। बालबालिकालाई कुलतबाट जोगाउन कठिन भएको छ।'

गोलबजारमा सञ्चालित तीनवटा पुनर्स्थापना केन्द्रका दुर्व्यसनीहरुले बताए अनुसार ट्यावलेट, सुई, करेक्सका दुर्व्यसनीको संख्या एक हजारभन्दा बढी छ। ब्राउन सुगर अलि मंहगो छ त्यसकारण प्रयोगकर्ता अलि कम छन्। ब्राउन सुगर दुर्व्यसनी पनि तीन सय भन्दा बढी छन्। उनले एक ग्राम ब्राउन सुगर एक डोज हुन्छ र त्यसको चार हजार मूल्य पर्छ। उनीहरु भन्छन्, 'गोलबजारमा लागूऔषध खरिद गर्न चुरोट सुपारी किने जस्तै सजिलो छ। दर्जनौ स्थानमा सहज रुपमा उपलब्ध छ।' गोलबजारमा कसरी ह्वात्तै दुव्यर्सनी बढे भन्ने हाम्रो प्रश्नमा इलाका प्रहरी कार्यालय गोलबजार वरिपरी नै घर भएका र सिरहा पुनर्स्थापना केन्द्रमा स्वास्थ्य लाभ लिइरहेका ३४ वर्षीय दुर्व्यसनी मुकेश दर्लामी( नाम थर परिवर्तन ) भन्छन्, 'जस्तो कि म ब्राउन सुगरमा पल्किएँ। अब मलाई नभइ हुँदैन। तर मसँग पैसा छैन भने विक्रेताले भन्छन् दुई तीनजना नयाँ साथीलाई ग्राहक बनाउ। प्रयोग गर्न सिकाउ अनि तिमीलाई चार डोज फ्रि दिन्छु,' उनले अगाडि भने, 'मैंले चार डोज फ्रि पाउनका लागि अन्य चार जनालाई फकाएर दुर्व्यसनी बनाए। यसरी दुर्व्यसनीहरुको संख्या बढ्छ। बिक्रेताले दर्जनौ पुराना दुर्व्यसनीहरुलाई नयाँ केटाहरुलाई कुलतमा फसाउन खटाउँछन्।'

मकवानपुर पुनर्स्थापना समूहमा लागू औषध मोचनका लागि बसेका महोत्तरीका १९ वर्षीय रविन्द्र साह (नाम परिवर्तन)

–बाँकी तीन पेजमा

## खेलकुद मन्त्री चौधरीद्वारा रामजानकी रङ्गशालाको निरीक्षण

**धर्बेन्द्र झा**

जनकपुरधाम, १६ भदौ। युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले जनकपुरधामको वडा १४ स्थित निर्माणाधीन रहेको रामजानकी रङ्गशालाको निरीक्षण गरेको छ। ११ औँ राष्ट्रिय खेलकुद प्रतियोगिता मधेश प्रदेशमा आयोजना हुने भएकाले त्यसको तयारी स्वरुप खेलकुदमन्त्री चौधरीको नेतृत्वको टोलीले रङ्गशालाको निरीक्षण गरेको हो। सो अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह र जनकपुरधाम उपमहानगरपालिका नगर प्रमुख मनोजकुमार साहको पनि सहभागिता रहेको थियो। निरीक्षणको क्रममा मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव, खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालसहितको उपस्थिति रहेको थियो।

निरीक्षणको क्रममा युवा तथा खेलकुदमन्त्री चौधरीले रङ्गशाला निमार्णका लागि प्रदेश सरकारले डिपिआर तयार गरेर दिंदा बजेटको अभाव हुन नदिने प्रतिक्रिया दिएको थियो। उनले वीरगन्जस्थित रहेको नारायणी रङ्गशाला जीर्ण रहेको विषयमा समाचार माध्यममा आएपछि आफूले त्यसको निरीक्षण गर्न आएको बेला जनकपुरधामको

–बाँकी दुई पेजमा







GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 9815732999, 9805973429, 033-550585

MA DHAMINI AUTO CONCERN
GOLBAZAR, 9801591693

SNEHA AUTO ZONE
SIRAHA-7, THANA CHOWK, 033-520255, 9801552815

### बाढीपहिरोबाट जोगिऔ

जथाभावी सडक निर्माण, खोला उत्खनन् र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू–क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं। बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## कसैले टेर्ला त यो ‘उटपट्याङ’उर्दी !

काठमाडौंलगायत केही जिल्ला प्रशासन कार्यालयले तीज मनाउँदा तडकभडक नगर्न उर्दी जारी गरेका छन्। उर्दीमा ‘तडकभडक’ गरेको देखिएमा कानुनबमोजिम कारबाही हुने डर देखाएको छ। अरू पर्वजस्तै तिज मनाउने शैली पनि बदलिँदै गएको छ। परिवर्तनका क्रममा राम्रोसँगै नराम्रो लाग्ने प्रवृत्ति पनि भित्रिन्छ। यसैले परिवर्तनमा विकृतिमात्र देख्नु दृष्टि दोष हो। विकृति त सामाजिक परिवर्तन रोक्न वा निर्देशित गर्न राज्य सत्ता प्रयोग गर्ने सोचमा हुन्छ। शासकहरूले समय र समाजमा भएको परिवर्तन नबुझेका हुन् कि बुझ पचाएका ?

केही दिन पहिले तीजको गीत पनि कस्तो गाउने र कस्तो नगाउने भन्दै एउटा संस्थाले उर्दी जारी गरेको थियो। एक्काइसौं शताब्दीमा यो मध्ययुगीन सोच कहाँबाट आयो ? तीजको गीत कला हो। कलालाई दण्डको डर देखाएर तह लगाउन खोज्नु मध्ययुगीन अन्धकारमा बाँच्ने चाहनाजस्तै हो। सिर्जनाले कसैको अंकुश वा निर्देशन मान्दैन। चाडपर्वमा तडकभडक गर्ने कि नगर्ने व्यक्ति वा समूह विशेषको रोजाइमा हुन्छ। गीत कस्तो गाउने भन्ने निर्णय राज्यले नभई गायकगायिकाले नै गर्ने विषय हो।  नेपालले अपनाएको राजनीतिक पद्धति, नेपाली समाजमा देखिएको परिवर्तन र जीवन शैली सबै आधुनिक र उदार छन्। यसैले शासक प्रशासकले पनि पञ्चायत कालको नियन्त्रणकारी सोच त्याग्नुपर्छ।

सरकारी खर्चमा तडकभडक गर्नु अनुचित हो। तीज वा कुनै उत्सव मनाउँदा अरूलाई मर्का पार्नु हुँदैन। यस्तै राज्यले पनि ‘नैतिक प्रहरी’ बन्न खोज्नु हुँदैन।अहिले कालजयी मानिएका कतिपय कलात्मक सिर्जनाहरूलाई उतिबेलाका शासकले आपत्तिजनक, अश्लील ठानेर प्रतिबन्ध लगाएका थिए। नेपालमै कुनै दिन पुस्तकालय खोल्दा कैद सजाय हुन्थ्यो। तीजको नाचगानमा पहिले पुरुषहरू नाच्दैनथे। दरमा पनि पुरुषहरू सामेल हुँदैनथिए। अब पुरुषहरूलाई तीजको उत्सवमा सम्मिलित हुन प्रतिबन्ध लगाउन सम्भव र उपयुक्त होला ?

पञ्चायत कालका अनुदार ऐनहरू उद्धृत गर्दै गरिएको अनुरोध पनि धम्की नै हो। यस्तै ‘उटपट्याङ’ उर्दी जारी गरेर प्रशासकहरूले सरकारी आदेश कसैले नटेर्ने बनाइसके। अग्रगमनका पक्षधर सांसदहरूले यस्ता विसङ्गत आदेशहरू र कानुन खारेज गर्न सरकारको ध्यानाकर्षण गर्नुपर्छ। प्रशासकहरूले पनि युगसापेक्ष उदार सोच र शैली अपनाउनु उचित हुन्छ।




### खेलकुद मन्त्री...

रामजानकी रङ्गशालाको समेत निरीक्षण गरेको बताए। उनले ११ औँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि मधेश प्रदेशको वीरगन्ज, जनकपुरधाम र राजविराजमा पूर्वाधार निर्माणको कामलाई तीव्रता दिने बताए। निरीक्षणको क्रममा प्रतिक्रिया दिँदै मुख्यमन्त्री सतिशकुमार सिंहले रङ्गशालाको डिपिआर तयार गर्ने काम अघि बढेको बताए।

भौतिक पूर्वाधारमन्त्री सरोज यादवले प्रदेश सरकारले ११ औँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि सोही अनुसारको बजेट विनियोजन गर्ने बताए। निरीक्षण गर्न आउनुभएका मन्त्री चौधरीलाई जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मानोज साहले १७ बिघा क्षेत्रफलमा रहेको उक्त रङ्गशालाको वर्तमान अवस्थाको बारेमा जानकारी गराएको थियो।

## सर्पले डसेका महिलाको मृत्यु

सिरहा, १६ भदौ। विषालु महिलाको धामीझाँक्रीको भर पर्दा मृत्यु भएको छ। गोमन सर्पले डसेपछि तत्काल उपचारका लागि अस्पताल पुर्‍याउने भन्दा पनि धामीझाँक्रीको भरपर्दा सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका ३ परिहारपुर माइती रहेकी करिब ३० वर्षीया सरिताकुमारी सदायको शनिबार अपरान्ह मृत्यु भएको हो।शौचालयबाट फर्किने क्रममा शनिबार दिउँसो करिब ३ बजेतिर देब्रे खट्टामा सर्पले डसेको थाहा पाएपछि घरका मानिसहरुले डसेको भागमाथि डोरीले बाँधेर गाउँकै धामी झाँक्रीकोमा लगेको आफन्तले बताएका छन्। अवस्था गम्भिर बन्दै गएपछि धामीले अस्पताल लैजानु पर्ने सुझाव दिएका थिए। अन्तिम अवस्थामा अस्पताल ल्याएकी उनको उपचार शुरु भए लगत्तै मृत्यु भएको अस्पतालले जनाएको छ। धनुषाको क्षिरेश्वरनाथ नगरपालिका महेन्द्रनगर विवाह भएकी उनी माइतीमै बस्दै आएकी थिइन्। इलाका प्रहरी कार्यालय लहानका प्रमुख डीएसपी विष्णुप्रसाद सोतीले मृतकको आइतबार बिहान पोष्टमार्टम गरी सम्बन्धित परिवारलाई जिम्मा लगाइने जानकारी दिए।

# मधेस द्रुतमार्ग सडक आयोजनाको पुँजीगत लाभकर छुट दिने मन्त्रिपरिषद्को निर्णय

काठमाडौं, १६ भदौ। सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको काठमाडौं तराई मधेस द्रुतमार्ग सडकका लागि अधिग्रहण गर्न बाँकी जग्गामा मुआब्जा दिँदा लाग्ने पुँजीगत लाभकरमा छुट दिने भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक ऐन, २०८१ को दफा १८(१) बमोजिम त्यस्तो जग्गाको मुआब्जामा पुँजीगत लाभकर छुट दिन स्वीकृति दिने निर्णय गरेको हो। यस्तै, बैठकले पीपलटार देउडी सडक निर्माणका लागि नुवाकोटको विदुर नगरपालिकामा रहेको राष्ट्रिय वनको ५.१४२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए।

**अनुदान सहायता स्वीकार**

बहुक्षेत्रीय पोषण योजना सहायता कार्यक्रम तेस्रो चरण कार्यान्वयनका लागि युरोपेली संघबाट प्राप्त हुने २३ मिलियन युरो र युनिसेफबाट प्राविधिक सहायताका रूपमा प्राप्त हुने दुई मिलियन युरो गरी २५ मिलियन युरो (करिब तीन अर्ब ६७ करोड ४७ लाख रुपैयाँ) बराबरको अनुदान सहायता, जर्मनी सरकारबाट विद्युत् वितरण सुदृढीकरण कार्यक्रमअन्तर्गत प्राप्त हुने १० मिलियन युरो (करिब एक अर्ब ४६ करोड रुपैयाँ) बराबरको अनुदान स्वीकार गर्ने निर्णय भएको मन्त्री गुरुङले बताए। त्यसैगरी, ज्यान मार्ने उद्योग मुद्दाका पीडित विन्दवासिनी कंसाकारको उपचारमा खर्च भएको रकममध्ये फैसला बमोजिम मनासिव मासिक क्षतिपूर्ति रकम उपलब्ध गराइने र उक्त रकम प्रतिवादीबाट असुलउपर गरी पीडित राहत कोषमा शोधभर्ना गर्ने व्यवस्था मिलाइने निर्णय भएको पनि उनले जानकारी दिए।

**विदेश भ्रमण स्वीकृत**

आगामी असोज ८ देखि १० सम्म सिंगापुरमा आयोजना हुने इन्टरनेसनल फाउन्डेसन फर इलेक्ट्रोरल सिस्टमको एक कार्यक्रममा सहभागी हुन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई स्वीकृति दिइएको छ। थाइल्यान्डको बैंककमा यही भदौ २४ देखि २८ सम्म आयोजना हुने एसियन अफ्रिकन लिगल कन्सल्टेटिभ अर्गनाइजेसनको ६२औँ वार्षिकसभामा सहभागिताका लागि कानुन न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरासियाको भ्रमण कार्यक्रम स्वीकृत गरिएको छ। इन्डोनेसियाको जाकार्तामा आगामी असोज १० मा सञ्चालन हुने पाँचौँ मन्त्रिस्तरीय बैठकलगायत कार्यक्रममा सहभागिताका लागि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई स्वीकृति दिइएको छ।

**सरूवा तथा नियुक्ति**

सरकारले मुख्यसचिवमा गृह मन्त्रालयका सचिव एकनारायण अर्याललाई नियुक्त गरेको छ। नेपाल सरकारका मुख्यसचिव लीलादेवी गड्तौलाको यही भदौ १५ गतेदेखि अनिवार्य अवकाशमा गएसँगै अर्याललाई मुख्यसचिवका रूपमा नियुक्त गरिएको हो। उनको नियुक्तिपछि राजीनामा दिएका राष्ट्रिय योजना आयोगका सचिव डा. तोयानारायण ज्ञवालीको राजीनामा पनि सरकारले स्वीकृत गरेको छ। यसैगरी, सोही बैठकले सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षकको सरुवा गरिएको छ। सीमा सुरक्षा विभागमा कार्यरत नारायणदत्त पौडेललाई कार्य विभाग, मानव स्रोतमा कार्यरत चन्द्रप्रकाश गौतमलाई सीमा सुरक्षामा र कार्य विभागमा कार्यरत वंशीराज दाहाललाई मानवस्रोत विभागमा सरुवा गरिएको छ।

सहसचिव भरत खनाललाई महावाणिज्य दूतावास ग्वान्जाओको महावाणिज्यदूत, झक्कप्रसाद आचार्यलाई महावाणिज्यदूतावास कोलकाता, लक्ष्मीप्रसाद निरौलालाई ल्हासास्थित महावाणिज्यदूत पदमा एक अवधिका लागि नियुक्त गरिएको छ।

**एनसेललाई किस्ताबन्दी सुविधा**

सरकारले दूरसञ्चार सेवा प्रदायक एनसेल आजियाटा लिमिटेडको तेस्रोपटक अनुमतिपत्र नवीकरणका लागि किस्ताबन्दीको सुविधा दिएको छ। दूरसञ्चार ऐन, २०५३ को दफा २० अनुसार उक्त सुविधा दिइएको हो। नवीकरण दस्तुर प्रत्येक वर्ष पाँच अर्ब रुपैयाँका दरले चार किस्तामा विभाजन गरी भुक्तानी गर्न सुविधा दिइएको हो। किस्ता सुविधा लिएमा १० प्रतिशत बराबर ब्याजसमेत लाग्नेछ।

**अन्य**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संगठन र दरबन्दी तेरिज स्वीकृत गरिएको छ भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत चालु आवका लागि अस्थायी दरबन्दी स्वीकृत गरिएको छ। सरकारले भुम्लु गाउँपालिका काभ्रेपलाञ्चोकलाई गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि सोही गाउँपालिकामा रहेको राष्ट्रिय वनको ०.३ हेक्टर जग्गा प्रयोगका लागि स्वीकृति प्रदान गरेको छ। सङ्खुवासभाको खाँदबारी नगरपालिकामा योगमाया आयुर्वेद विश्वविद्यालयको केन्द्रीय कार्यालय रहनेगरी स्थान तोकिएको छ। चलचित्र विकास बोर्डको रिक्त अध्यक्ष पदमा दिनेशराज दहाल ( डिसी)लाई नियुक्त गरिएको छ।

# चेक बाउन्सको सजाय थप कडा बनाउनुपर्ने सांसदहरूको सुझाव

**कल्पना घिमिरे**

काठमाडौँ, १६ भदौ।  सांसदहरूले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकले चेक बाउन्स गर्ने प्रवृत्ति झनै बढ्न सक्ने आशंका गरेका छन्। आइतबार अर्थ समितिमा भएको छलफलमा सांसदहरूले सो विधेयकमाथि थुप्रै प्रश्न गरेका छन्। सांसद पदमबहादुर गिरीले ऐन संशोधनले चेकको माध्यमबाट झनै पीडित हुन सक्ने भन्दै संशोधन गर्नुअघि ध्यान दिनुपर्ने बताए। यस्तै सांसद ध्रुवबहादुर प्रधानले यो संशोधनले झनै चेक बाउन्स बढ्ने हो कि भन्ने आशंका गरे। सांसद रोशन कार्की संशोधनले चेक बाउन्सलाई मात्र समेटिएको र बैंकिङ कसुरभित्र अन्य विषय नसमेटिएको भन्दै प्रश्न गरिन्। ‘विधेयकको दायरा कम भयो, चेक बाउन्स बाहेक अन्य संशोधन गर्नुपर्ने विषय केके छन् ? ती संशोधन गरिनु पर्‍यो,’ उनले भनिन्, ‘बैंकलाई जबाफदेही बनाउन, बैंकमा पैसा नभइ चेक आए खबर गर्नुपर्ने व्यवस्था गर्नु पर्छ। जरिवाना तिरेपछि जेलमा बस्नु पर्ने व्यवस्था हटाउनु पर्छ।’

यस्तै सांसद ठाकुर गैरेले बैंकिङ कसुर लागेको व्यक्तिलाई अर्को बैंकमा कारोबार गर्न नपाउने व्यवस्था गरिनुपर्ने माग राखे। ‘चेक बाउन्स हुँदा पनि अर्को बैंकमा कारोबार गर्न पाउने व्यवस्था हुनुहुँदैन। यसमा कडाइ गर्नुपर्छ। राज्यका निकायमा छ भने उसको सेवा सुविधा कटौती गर्नुपर्छ,’ उनले भने, ‘बैंकिङ कसुर लागेकोलाई सामाजिक प्रतिष्ठाबाट पनि वञ्चित हुने व्यवस्था गरौँ।’ यसका साथै धितो मूल्यांकनमा बैंकलाई बढी जबाफदेही बनाउनु पर्ने गैरेको भनाइ छ।

**‘आर्थिक अपराधमा आर्थिक सजाय’**

सांसद सोविता गौतमले आर्थिक अपराधमा जेल हाल्ने नभएर आर्थिक सजाय हुने व्यवस्था गरिनुपर्ने भनाइ राखेकी छन्। ‘सरकारवादी फौजदारी मुद्दा मिलापत्र गर्न सहज छैन, सकिँदैन। त्यसकारण आर्थिक सजाय हुने व्यवस्था गरिनुपर्छ,’ गौतमले भनिन्। उनले चेकको प्रकृति छुट्याउनु पनि आवश्यक भएको धारणा राखेकी छन्। ‘व्यावसायिक हो कि व्यक्तिगत हो, यसको वर्गीकरण गर्न पाए हुन्थ्यो,’ गौतमले भनिन्, ‘अहिले तीन महिनाभित्र जाहेरी दिन सक्ने भनिएको छ, यसलाई एक वर्षभित्र जाहेरी दिन सक्ने व्यवस्था गर्नुपर्छ।’

छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै कानुन मन्त्रालयका सहसचिव हुमबहादुर केसीले सरकारवादी मुद्दा भएर अभियोजन गर्ने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको बताए। ‘मौज्दात ऐनमा भएकाले विधेयकमा बैंकिङ कसुरका धेरै कुरा आएको छैन। यहाँ चेक अनादरको विषयमा केन्द्रित गरेर मात्रै संशोधन आएको छ,’ उनले भने, ‘यसको साथसाथै सहकारीको विषय अलिकति जोडिएको छ।’ चेक बाउन्सको विषयमा मुद्दा परेमा आर्थिक लेनदेनमै मिलापत्र गर्न सकिने सहसचिव केसीले बताए। ‘माननीयले चेक बाउन्सको विषयमा सरकारवादी फौजदारी मुद्दा मिलापत्र गर्न सहज छैन भन्नुभयो यो मुद्दा जुनसुकै अवस्थामा अनुसरण गर्ने क्रममा छ। अनुसरण अधिकारी नै यो मुद्दा मिलापत्र गर्न सक्छ,’ सहसचिव केसीले भने, ‘विनियम अधिकार पत्र ऐनको दफा १०७ खारेज गर्नेकी नगर्ने भन्ने विषयमा सरकारवादी मुद्दाबाट  लैजाने कि प्रहरीमा जाने प्रस्ट हुन जरुरी छ। मुद्दा अदालतमा पुगेको छ भने पनि अदालतमै मिलापत्र गर्न सकिनेगरी विधेयक संशोधन गरिएको छ।’

‘चेक अनादरको मुद्दा विनिमय अधिकार पत्र ऐनको दफा १०७ अनुसार चल्छ। त्यसलाई खारेज गर्न प्रस्ताव गरेपछि जसले रकम दिएको हो,’ केसीले भने, ‘ब्याजपाउने व्यवस्था गरिनुपर्छ त्यो न्यायिक हुन्छ यसलाई विस्तृत रूपमा छलफल गरेर जाहेरी दिने हदम्याद विचार  गर्न सकिन्छ। अर्थ मन्त्रालयको नीतिमा रहेर लचिलो गरेर छलफल गर्न सकिन्छ।’ समितिमा दिइएको जानकारी अनुसार २०७२ सालमा २७ वटा चेक अनादरका मुद्दा थिए हाल १८ हजारभन्दा बढी छन्। २०३७ सालमा बैंकिङ कसुरका ३८ वटा मुद्दा थिए भने अहिले ८ हजार माथि छन्।

‘त्यसकारण चेक नसाटिने बित्तिकै उजुरी लिएर कारबाही गर्ने व्यवस्था प्रस्तावित विधेयकमा छैन,’ केसीले भने, ‘चेक लिएर बैंकमा जाँदा खातामा पैसा छैन भने एक महिनाको अवधि दिइन्छ र फेरि चेक साटिएन भने कारबाही हुने व्यवस्था हो।’ राजस्व सचिव दिनेशकुमार घिमिरेले यसका विषय सरकारले व्यापक छलफल भएरै संशोधन ल्याएको बताए। यसले सिर्जना गर्ने समस्यालाई समाधान गर्न पनि सरकार तत्पर रहेको सचिव घिमिरेको भनाइ छ। ‘बैंकिङ कसुरजन्य घटना कति छन् त्यसलाई अध्ययन गरेर निराकरण गर्ने व्यवस्था गरिनु पर्दछ,’ घिमिरेले भने, ‘समस्या आउन नदिन अर्थ मन्त्रालय गर्न सक्ने सबै काम गर्न तयार छ।’

चेक बाउन्समा बैंकलाई मात्र किन समावेश गरियो अरु वित्तीय तथा सहकारी संस्थालाई किन समावेश गरिएन ? भन्ने सांसदहरूको प्रश्नको जवाफ दिँदै केसीले सहकारी ऐन, २०७४ मा समेटिएको र सहकारी ऐनले पनि कसुरमा १० वर्षसम्म कैद राख्ने गरी व्याख्या गरेको बताए। यस्तै सहकारीलाई नियमन गर्न सरकारले विधेयक ल्याउने तयारी गरेको पनि केसीले बताए। ‘तर राष्ट्र बैंकले नै सहकारीलाई पूर्ण नियमन गर्न अधिकार दिने हो भने छुट्टै संस्था र क्षमता कसरी विकास गर्न सकिन्छ भन्ने बारेमा छलफल भएको छ,’ सहसचिव केसीले भने, ‘सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनमा संशोधन गर्ने क्रममा राष्ट्र बैंकले सरकारी पूरै हेरियोस भन्ने विषयमा

### गोलबजारमा...

भन्छन्, 'एकदुई वर्ष घरको सारा सम्पत्ति बेचेर ब्राउन सुगर खाइयो। तर पैसा सकिएपछि के गर्ने ? मनले मान्दैन, शरीरले माग्छ। त्यसपछि ब्राउन सुगर बोक्ने भरिया बनियो। भरिया बनेवापत दुईचार हप्ता सित्तैमा पाइयो। पुँजी हुनेले घरमै बसी–बसी पैसा कमाउँछन्।' 'प्रहरीले दुर्व्यसनीहरुलाई मात्र समात्छ। तर मूल होलसेल र रिटेलर बिक्रेताहरुलाई समात्न सक्दैन,'उनले भने, 'गोलबजारमै रहेको तीनवटा पुनर्स्थापना केन्द्रमा प्रहरी आएर दुर्व्यसनीहरुसँग अन्तरक्रिया गर्ने र सूचना संकलन गर्ने हो भने लागू औषधका ठूला सौदागरहरु सजिलै पक्रन सकिन्छ। तर प्रहरीले लागू औषधका ठूला व्यापारी विरलै समात्छ। प्रहरीले पक्राउ गरेका व्यक्तिहरुमा ९९ प्रतिशत दुर्व्यसनीहरु छन्।'

आफू दुर्व्यसनबाट बर्बाद भएर पुनर्स्थापना केन्द्रबाट पुनर्जीवन पाएका र हाल पुनर्स्थापना केन्द्र सञ्चालन गरेर बसेका शशीबाबु यादव भन्छन्, 'प्रहरीले सूचना पाइहाल्यो र भेटिहाल्यो भने समात्छ। तर पत्ता लगाएर खोजेर समात्दैन्। सुध्रिएर नयाँ जीवन जिउन खोज्दा पनि हामी समाजमा अपहेलित हुन्छौं। त्यसकारण हामीले आफैं आफू जस्तालाई सुधार्ने कोशिसमा लागेका छौं।' '६० हजार जनसंख्या भएको नगरपालिकामा तीनवटा पुनर्स्थापना केन्द्रमा भरिभराउ दुर्व्यसनीहरु हुनु सामान्य कुरा होइन। दुई वर्ष अघिसम्म फाट्टफुट्ट मात्र दुर्व्यसनी भेटिन्थे। अहिले तीनवटा पुनर्स्थापना केन्द्रमा लगभग एक सय जना दुर्व्यसनी छन्। यहाँ ठाउँ नपुगेर वर्दिवास, सर्लाही र धनुषामा समेत दुर्व्यसनी पुऱ्याइएको छ,' पुनर्स्थापना केन्द्रका अर्का मुख्य सञ्चालक तथा पूर्वदुर्व्यसनी प्रवीण गौतमले भने।

गोलबजारमा सञ्चालित तीनवटा पुनर्स्थापना केन्द्रका अधिकांश दुर्व्यसनीहरु भन्छन्,'पहिलो चरणमा चुरोट, त्यसपछि गाँजा क्रमश रक्सी पिउँदै ट्यावलेट प्रयोगमा पुगिन्छ। रक्सी पसलहरुमा ट्यावलेट बेच्नेहरु पुग्छन्। यो चक्की खाउ, मजा आउँछ भनेर उक्साउँछन्। क्रमशः करेक्स र सुई लगाउनेमा पुगिन्छ। त्यसपछि ब्राउन सुगरमा फसिन्छ। एक दिन मात्र प्रयोग गरेपछि नभइ हुँदैन।' इलाका प्रहरी गोलबजारकै अपराध चार्ट हेर्दा गोलबजार लागू औषधको हब भएको पुष्टि हुन्छ। आर्थिक वर्ष २०८०।०८१ मा इलाका प्रहरी कार्यालय गोलबजारले १२ जना लागू औषध दुर्व्यसनी र ओसार पोसारमा संलग्नहरुलाई पक्राउ गरी मुद्दा चलाएको छ। जसमध्ये पाँच जना ब्राउन सुगरसहित पक्राउ परेका थिए।

त्यसैगरी जिल्लाभरका अन्य प्रहरी कार्यालयहरुले पक्राउ गरेका व्यक्तिहरु पनि गोलबजारका बासिन्दा अधिक रहेका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाले गत साउन १२ गते १०५ ग्राम ब्राउन सुगरसहित पक्राउ गरेका व्यक्ति विनय कुमर साह पनि गोलबजार कै हुन्। प्रहरीकै तथ्यांकहरुले पनि गोलबजार लागू औषधको 'स्वर्ग' बनेको देखिन्छ। इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुनिल कार्की भन्छन्,'प्रहरीको एकल प्रयासले लागू औषध नियन्त्रण गर्न सकिँदैन। यसमा स्थानीय सरकार, अभिभावक, शिक्षक बुद्धिजीवी सबैले सक्रिय भूमिका खेल्नुपर्छ।' ठूला सीमानाका कारण पनि लागू औषधको कारोवार बढेको प्रहरी निरीक्षक कार्कीको भनाइ छ। तर, स्थानीय समाजसेवी तथा नेकपा माओवादीका नेता तथा पूर्वसांसद जगत यादवको बिचार फरक छ। उनी भन्छन्, 'लागू औषध नियन्त्रण गर्ने मूल भूमिका प्रहरी कै हो। किनकी यो संगीन अपराध हो र अपराध नियन्त्रण गर्नु प्रहरीको प्राथमिक कर्तव्य हो।'

'लागू औषध तस्करहरु शक्तिशाली छन्। उनीहरुलाई प्रहरीले मात्र नियन्त्रण गर्न सक्छ। सर्वसाधारणसँग हतियार छ र उनीहरुलाई तह लगाउनु ?', उनले भने, 'गोलबजारमा दुर्व्यसनीहरुको संख्या हेर्दा समाजको एक पुस्ता नै बर्बाद भइरहेको देखिन्छ। गोलबजारमा सक्षम प्रहरी युनिट राखेर लागू औषध विरुद्ध विशेष अप्रेशन नै चलाउनुपर्छ।' जनताले प्रहरीलाई सूचना दिएर सहयोग गर्ने हो। गोलबजारमा लागू औषधका ठूला विक्रेता र प्रहरीबीच साँठगाँठ नहुने कुरै छैन। नत्र गोलबजारमा लागू औषधको पसल बग्रेल्ती हुने थिएन। होलसेलमा व्यापार चलिरहेको छ।

गोलबजारका तीनवटा पुनर्स्थापना केन्द्रमा रहेका करिव सयजना दुर्व्यसनीहरु१६ वर्षदेखि ४२ वर्ष उमेर समूहका छन्। कक्षा ८ मा पढ्दै गर्दा कुलतमा फसेको बताउने २० वर्ष मुनिका करिव एक दर्जन दुर्व्यसनी भेटिए। दुर्व्यसनीमध्ये ७५ प्रतिशत ब्राउन सुगर सेवनसम्म पुगेका भेटिएका छन्। पत्रकार महासंघका उपाध्यक्ष पत्रकार गणेश साह भन्छन्, 'खर्च धान्न नसक्ने अभिभावकले आफ्ना दुर्व्यसनी सन्तानलाई पुनर्स्थापना केन्द्रमा नल्याएका हुन्। नत्र गोलबजारमा दर्जनौ पुनर्स्थापना केन्द्र खोल्नुपर्छ। स्थिति अत्यास लाग्दोछ।' *(पत्रकार अर्जुन थपलिया, मुकेश यादव, र आशिष विश्वकर्माको अध्ययन अनुसार तयारी पारिएको रिपोर्ट)*

# मुटुको समस्या भएकालाई कस्तो खानपान ?

**प्रवीण भट्टराई**

मुटुलाई स्वस्थ राख्न खानाले महत्वपूर्ण भूमिका खेल्छ। स्वस्थ खाना स्वस्थ शरीरको आधार हो र अस्वस्थ खाना रोगको घर हो भन्ने गरिन्छ। खराब खानपानकै कारणले कोलेस्टेरोल, तौल बढ्ने र रक्तचापलाई असर गर्छ भन्ने कुरा विभिन्न वैज्ञानिकहरूले प्रमाणित गरेका छन्। अस्वस्थकर खाना खाँदा शरीरको नसामा अस्वस्थ बोसो जम्मा हुन थाल्छ, जसकारण मुटुमा रगत पुग्न सक्दैन। जसले गर्दा मुटु रोगको जोखिम बढ्न सक्छ। यस्तोमा मुटुमा समस्या भइसकेकाले आफ्नो खानपानमा विशेष ध्यान दिनुपर्छ।

**मुटुको समस्यामा के खाने ?**

मुटुसँग सम्बन्धित कुनै पनि समस्या भएमा निम्न खानेकुरालाई आफ्नो आहारमा समावेश गर्न सल्लाह दिइन्छ।

**फलफूल र तरकारीः** फलफूल र तरकारीले मुटुलाई स्वस्थ राख्नमा ठूलो भूमिका खेल्छ। तिनीहरूमा फाइबर, भिटामिन र खनिजहरू प्रशस्त हुन्छन्, जसले बोसो, क्यालोरी, सोडियम र कोलेस्टेरोल घटाउन मद्दत गर्छ र साथै फलफूलको जुस पिउने भन्दा पनि प्राकृतिक रुपमा नै खानु फाइदाजनक हुन्छ।

**ड्राई फ्रुट्सः** ड्राई फ्रुट्समा मोनोअनस्याचुरेटेड फ्याट हुन्छ, जुन शरीरको स्नायुसँग सम्बन्धित हुन्छ। यदि बिरामीले दैनिक एक मुट्ठी खाएमा मुटुरोगको जोखिम झण्डै ३० प्रतिशतले कम हुन्छ।

**स्वस्थ प्रोटिनः** प्रोटिनको राम्रो स्रोत, भिटामिन बी, आइरन र अन्य भिटामिन र खनिजहरू जस्तै मासु, दाल, समुन्द्री खाना, अण्डा आदिलाई आफ्नो आहारमा समावेश गर्नुपर्छ।

**सम्पूर्ण अन्नः** सम्पूर्ण अन्न फाइबरको राम्रो स्रोत हो। साथै यसमा अन्य धेरै पोषक तत्त्व पनि पाइन्छ, जसकारण रक्तचाप पनि नियन्त्रणमा रहन्छ। सम्पूर्ण अन्नमा हुने रेशा, भिटामिन, खनिज आदिको उच्च मात्रालाई शरीरले उपयोग गर्छ। सग्लो अनाजको नियमित प्रयोगले हृदयघात र मस्तिष्कघातको जोखिमलाई न्यून बनाउँछ।

**भिटामिन सीयुक्त खानेकुराः** एक अनुसन्धान अनुसार भिटामिन सीले रक्तचाप नियन्त्रण गर्न मद्दत गर्छ। भिटामिन सीले भरपुर खाना खाँदा मुटुरोगको खतरा पनि कम हुन्छ। अमला, सुन्तला, कागती जस्ता खानेकुरामा भिटामिन सी पाइन्छ।

**कस्तो खानेकुरा कम खाने ?**

मुटुरोग लागेमा यी खानेकुरालाई कम खानु राम्रो हुन्छ।

**रातो मासुः** रातो मासुमा प्रोटिन प्रशस्त हुने भए पनि धेरै मानिसले यसलाई आफ्नो आहारमा समावेश गर्छन् तर मुटुका बिरामीलाई रातो मासु एकदमै कम खानुपर्छ। किनकि यसमा बोसोको मात्रा पनि धेरै हुन्छ। रातो मासुको सट्टा माछा, कुखुराको मासु खान सकिन्छ।

**अण्डाको पहेँलो भागः** जिम जानेका लागि अण्डालाई प्रोटिनको राम्रो स्रोत मानिन्छ। तर अण्डाको पहेँलो भागमा सन्तृप्त फ्याटको मात्रा धेरै हुन्छ, त्यसैले यसको सेवन कम गर्नुपर्छ।

**ट्रान्स फ्याटः** ट्रान्स फ्याटले मुटुलाई हानि पुऱ्याउँछ। प्रशोधित उत्पादनहरूमा ट्रान्स फ्याटको मात्रा उच्च हुन्छ। यसबाट बच्न कुनै पनि वस्तु खरिद गर्दा यसको पछाडिको लेबल पढ्नुपर्छ।

**चिनी र नुनः** कुनै पनि खानेकुराको अत्यधिक सेवनले शरीरमा नकारात्मक असर गर्छ। चिनी र नुनको अत्यधिक सेवनले स्वाद त बढाउँछ साथै मधुमेह र उच्च रक्तचाप पनि निम्त्याउँछ। त्यसैले खानामा नुन चिनीको प्रयोग कम गर्नुपर्छ।

**ध्यान दिनुपर्ने कुरा**

सुर्तीजन्य पदार्थको सेवन नगर्नेः सुर्तीजन्य पदार्थले मुटुरोग र हृदयघातको जोखिम बढाउँछ। यसबाट शरीरका स्नायुहरू प्रभावित हुन्छन्, जुन ट्राइग्लिसराइड्स र हृदयघातको मुख्य कारण हो। यसबाहेक निकोटिनले रक्तचाप बढाउन सक्छ। त्यसैले सुर्तीजन्य पदार्थको सेवन गर्नै हुन्न। रक्सी नपिउनः रक्सीले उच्च रक्तचापको समस्या बढाउँछ, जसले अन्ततः हृदयरोगलाई बढावा दिन्छ। अत्यधिक मदिरा सेवनले शरीरको स्नायु कडा बनाउँछ। त्यसैले मुटुको समस्या भएकाहरूले रक्सीको सेवन पनि गर्नु हुँदैन।

**मोटोपन घटाउनेः** शरीरमा अत्यधिक बोसोले खराब कोलेस्टेरोल र ट्राइग्लिसराइड्सको स्तरलाई बढाउँछ। साथै यसले उच्च रक्तचाप र सुगर पनि निम्त्याउँछ। त्यसैले मुटुको समस्याबाट बच्न र समस्या देखिएपछि जटिलताबाट बच्न तौल नियन्त्रणमा राख्नुपर्छ।

**व्यायामः** शारीरिक क्रियाकलाप नगर्नु मुटु रोगलाई निम्तो दिनु जस्तै हो। मोटोपन, उच्च रक्तचाप, उच्च कोलेस्टेरोल र सुगर लेभल बढ्नुको कारण आरामदायी जीवनशैली हो। त्यसैले दैनिक व्यायाम गर्नुपर्छ। तर मुटुको समस्या देखिइसकेकाहरूले भने कस्तो व्यायाम गर्ने भनेर चिकित्सकसँग सल्लाह गर्नुपर्छ।

# वन अधिकृतको सराहना

ढल्केबर, १६ भदौ। राष्ट्रिय वन क्षेत्रको जग्गा अतिक्रमण हुनबाट जोगाउने जिल्ला वनका कर्मचारीलाई मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सराहना गरेको छ। बाराको कोल्हवी नगरपालिका–२, बसनचौरीस्थित राष्ट्रिय वनको १११ बिघा १२ कट्ठा १६ धुर जग्गा किर्ते गरी अतिक्रमण गर्ने प्रयास विफल तुल्याउने डिभिजनल वन कार्यालय बाराका प्रमुख विनोद सिंहलाई मुख्यमन्त्री सिंहले सराहना गरेको हो।

मुख्यमन्त्री सिंहले डिभिजनल वन अधिकृत सिंहलाई टेलिफोन गरी राष्ट्रिय वन क्षेत्रको जग्गा अवैध तरिकाले भूस्वामित्व प्राप्त गर्न खोज्नेहरूको दुष्प्रयास रोक्न अनुसन्धान कार्यमा संलग्न सबै कर्मचारी धन्यवादका पात्र रहेको भन्दै सराहना गरे। साबिक सपही गाविस वडा नं. १ र हाल कोल्हवी नगरपालिका–२ मा पर्ने कित्ता नम्बर १०, १२, १३, १४, १५ र १६ का व्यक्तिको लालपुर्जा र नक्साभित्रका जग्गामा नेपाली सेनाले गरेको वृक्षरोपण खाली गराउन लीलादेवी बुढाथोकीले नेपाली सेनाको जंगी अड्डा काठमाडौंमा निवेदन पेस गरेको थियो। त्यसउपर डिभिजन वन कार्यालय बाराले जाँचबुझ गर्दा साबिक सपही गाविस वडा नं. १ (घ) को नाममा




जनिएको कित्ता नं १ देखि १९ को कुल क्षेत्रफल १११ बिघा, १२ कट्ठा १६ धुर अर्थात् ७५.५३ हेक्टर जग्गा हाल कोल्हवी नगरपालिका–२, बारास्थित तामागढी साझेदारी वन उपभोक्ता समूहले संरक्षण तथा व्यवस्थापन गर्दै आएको खुलेको थियो।

डिभिजन वन कार्यालय बाराले सो जग्गाको स्वामित्व नेपाल सरकारमा रहेको राष्ट्रिय वन क्षेत्र हो भनी ठहर गर्दै सो जग्गाको हक कोही कसैलाई पनि हस्तान्तरण गर्नेतर्फ कामकारबाही नगराउन भूमिसुधार तथा मालपोत कार्यालय बारा नापी कार्यालयलाई लेखी पठाएको छ। मुख्यमन्त्री सिंहले सरकार मातहतका संयन्त्रले गर्ने कामबाट नै सरकारको भूमिका स्थापित हुने भन्दै भुइँतहमा कार्यरत जनशक्तिले इमानदारी तथा निष्ठापूर्वक काम गरिदिँदा सरकारबाट प्रवाह हुने सेवा संस्थागत र सुशासनयुक्त हुने बताए। उनले असल काम गर्ने कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन गर्ने नीति प्रदेश सरकारको रहेको प्रस्ट पारे।

उनले कोल्हवीको वनको जग्गा कब्जा प्रकरणमा किर्ते कागज बनाउने र बनाउन सघाउने कार्यमा संलग्नहरूलाई कारबाही गर्न प्रदेश सरकारले संघीय सरकारलाई सिफारिस गर्ने जानकारी दिए।

# वासस्थान, आहारमा कमी र विद्युतीय तारका कारण गिद्ध संकटमा

काठमाडौं, १६ भदौ। अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस अन्तर्गत आइतबारदेखि सप्ताहव्यापी कार्यक्रम हुँदैछन्। हरेक वर्ष सेप्टेम्बर महिनाको पहिलो शनिवार मनाइने अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस यस वर्ष सेप्टेम्बर ७ तारिख अर्थात आउँदो शनिवार दिवस परेको छ। सप्ताहव्यापी कार्यक्रम आजदेखि शुरू हुने नेपाल पन्छी संरक्षण संघले जनाएको छ। सिनो खाएर वातावरणलाई स्वच्छ राख्न सघाउने गिद्धलाई प्रकृतिको कुचिकार भन्ने गरिन्छ। गिद्धले सिनो खाएर सम्भावित दुर्गन्ध हटाउनुको साथै महामारी फैलाउन सहयोग गर्ने जङ्गली कुकुर र स्याललाई सिनोसम्म पुग्न रोक्ने गिद्धबारेको अध्यता एवम् पृथ्वीनारायण क्याम्पस पोखराको प्राणीशास्त्र विभागका प्राध्यापक हेमन्त ढकालले बताए। गिद्धलाई हेर्ने दृष्टिकोण राम्रो नभएपनि यसको महत्त्व धेरै रहेको उनले बताए।

नेपालमा पाइने ९ प्रजातिका गिद्धहरूमध्ये डङ्गर गिद्ध, सानो खैरो गिद्ध, सुन गिद्ध र लामो ठुँडे गिद्ध अति सङ्कटापन्न, सेतो गिद्ध सङ्कटापन्न, हिमाली र हाडफोर गिद्ध सङ्कटको नजिक र खैरो गिद्ध सामान्य अवस्थामा छन्। नेपालमा पछिल्लो पटक गरिएको राष्ट्रिय गिद्ध सर्वेक्षण अनुसार वर्षेनी १४ प्रतिशतले गिद्धको संख्या घट्दै गइरहेको छ। गिद्धको संख्या घट्नुमा वासस्थान, आहारा र विद्युत प्रशारण लाइन लगायतका विकासका काम मुख्य हुन्।

नेपालमा सन् १९९० भन्दा अघिसम्म गिद्ध समस्यामा पर्नुमा पशुचौपायालाई खुवाउने डाइक्लोफेनाक औषधि मानिन्थ्यो। अहिले त्यो औषधि प्रतिबन्धित छ। यो जस्तै अरु औषधि, सिनोमा विषादी मिसाउने र बासस्थान अतिक्रमणसँगै अन्य मानवीय क्रियाकलापका कारण गिद्ध समस्यामा परिरहेका गिद्ध विज्ञ एवम् प्रध्यापक ह

# एक महिनामा पौने दुई करोड राजस्व सङ्कलन

बारा, १६ भदौ। मधेश प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराले एक महिनामा पौने दुई करोड राजस्व सङ्कलन गरेको छ। चालु आर्थिक वर्ष०८१–८२ को पहिलो एक महिना साउन महिनामा एक करोड७१ लाख ४६ हजार ६५० राजस्व सङ्कलन गरेको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक भीमकिरण बोगटीले बताएको हो। मधेस प्रदेशको आठ जिल्लामा रहेका ट्राफिक प्रहरी कार्यालय अन्तर्गतका कार्यालयहरूले आर्थिक वर्ष ०८१–८२ को साउन महिनामा ट्राफिक नियम विपरीत सवारी चलाएकाले १९ हजार ७३९ सवारीसाधनको चालकलाई दण्ड जरिवाना गरी रु. १,७१,४६,६५० राजस्व सङ्कलन भएको बोगटीले जानकारी दिए। जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराले१७ लाख ३५ हजार, पर्साले २१ लाख ४२ हजार ६५०, रौतहटले ९ लाख २५ हजार ५ सय, सर्लाहीले २४ लाख १९ हजार ५ सय, महोत्तरीले २३ लाख ६२ हजार, धनुषाले २२ लाख २४ हजार ५ सय, सिरहाले २६ लाख ३२ हजार ५ सय, सप्तरीले १३ लाख ८ हजार र मुख्य कार्यालय पथलैयाले१३ लाख ९४ हजार दण्ड जरिवाना गरेको छ।

# श्री राष्ट्रिय आधारभूत विद्यालय

## सखुवानन्कारकट्टी गा.पा.–४, सिरहा

मधेश प्रदेश, नेपाल

स्था.:२०४५

कोड नं. १६०९२०००२

## शिक्षक तथा का.स. आवश्यक सम्बन्धी सूचना

मिति : २०८१/०५/१३

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०५/१३ गतेको निर्णयानुसार तपसिल अनुसारका पदमा विज्ञापन गरिएको हुँदा सम्बन्धित सबैमा अनुरोध छ।

**तपसिल**

| | | | |
|---|---|---|---|
| १ | विज्ञापन नं. ०१–२०८१/०८२ | विज्ञापन नं. ०२–२०८१/०८२ | विज्ञापन नं. ०३–२०८१/०८२ |
| २ | पद : बाल विकास सहजकर्ता | पद : निजी स्रोत शिक्षक/कम्प्यूटर शिक्षक | पद : का.स. |
| ३ | श्रेणी : विहीन | श्रेणी : प्रा.शि.तृ. | श्रेणी : विहीन |
| ४ | संख्या : १ (एक) | संख्या : ३ (१ कम्प्यूटर शिक्षक समेत) | संख्या : १ (एक) |
| ५ | स्रोत : स्थानीय तह | स्रोत : स्थानीय तह | स्रोत : नेपाल सरकार र स्थानीय तह |
| ६ | शैक्षिक योग्यता : SLC उत्तीर्ण वा सो सरह | +२ उत्तीर्ण र सो सरह, अध्यापन अनुमति पत्र | आधारभूत तह |
| ७ | दस्तुर : रु. १००५/– | दस्तुर : रु. १००५/– | दस्तुर : रु. ५०५/– |
| ८ | निवेदक साथ शैक्षिक योग्यता प्रमाणपत्र को प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी र NMB Bank को खाता नं. ११००११६३२९५०००१० मा जम्मा गरेको नगद भौचर | निवेदक साथ शैक्षिक योग्यता प्रमाणपत्र को प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी र NMB Bank को खाता नं. ११००११६३२९५०००१० मा जम्मा गरेको नगद भौचर | निवेदक साथ शैक्षिक योग्यता प्रमाणपत्र को प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी र NMB Bank को खाता नं. ११००११६३२९५०००१० मा जम्मा गरेको नगद भौचर |
| ९ | उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| १० | पारिश्रमिक विद्यालयको निर्णय अनुसार हुनेछ। | पारिश्रमिक विद्यालयको निर्णय अनुसार हुनेछ। | पारिश्रमिक विद्यालयको निर्णय अनुसार हुनेछ। |
| ११ | आवेदन दिने मिति : २०८१/०५/१३ गते देखि मिति २०८१/०५/२८ गते सम्म १०:०० बजे देखि ४:०० बजे सम्म विद्यालयमा | आवेदन दिने मिति : २०८१/०५/१३ गते देखि मिति २०८१/०५/२८ गते सम्म १०:०० बजे देखि ४:०० बजे सम्म विद्यालयमा | आवेदन दिने मिति : २०८१/०५/१३ गते देखि मिति २०८१/०५/२८ गते सम्म १०:०० बजे देखि ४:०० बजे सम्म विद्यालयमा |
| १२ | सम्पर्क मिति २०८१/०५/२८ गते | सम्पर्क मिति २०८१/०५/२८ गते | सम्पर्क मिति २०८१/०५/२८ गते |
| १३ | परीक्षा मिति/सम्पर्क मितिमा विद्यालयले तोक्ने छ। | परीक्षा मिति/सम्पर्क मितिमा विद्यालयले तोक्ने छ। | परीक्षा मिति/सम्पर्क मितिमा विद्यालयले तोक्ने छ। |
| १४ | परीक्षाको किसिम लिखित/ अन्तरवार्ता | परीक्षाको किसिम लिखित/ अन्तरवार्ता | परीक्षाको किसिम लिखित/ अन्तरवार्ता |
| १५ | सम्पर्क मोबाइल नं. ९८१७७७४१७५, ९८१५६१५९११ | | |

द्रष्टव्य : स्थानीय उम्मेदवारलाई विशेष ग्रहयाता दिइनेछ।

**गौरी नारायण यादव**
प्रधानाध्यापक

अवैध चोरीसिकारी प्रकरण :

# पोस्टमार्टमका लागि खाल्टोबाट निकालियो बँदेल

**अवधेशकुमार झा**

राजविराज, १६ भदौ। अवैध चोरीसिकारी गर्नेहरूले मारेको बँदेललाई गाडिएको खाल्टोबाट चार दिनपछि निकालिएको छ। गत बिहीबार साँझ सब–डिभिजन वन कार्यालय कञ्चनपुर परिसरमा गाडिएको बँदेल पोस्टमार्टमका लागि आइतबार बिहान खाल्टोबाट निकालिएको हो।अवैध चोरीसिकारी गर्नेहरूले मारेको बँदेल पोस्टमार्टमबिना नै गाडिएको समाचार सञ्चारमाध्यममा प्रकाशित भएपछि डिभिजन वन कार्यालय सप्तरीको निर्देशनमा गाडिएको स्थानबाट बँदेल निकालिएको हो।

खाल्टोबाट निकालिएको बँदेल पोस्टमार्टमका लागि कोशी टप्पु वन्यजन्तु आरक्ष लागिएको गत भदौ १२ गते मध्यराति सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर–१ कोशी पलार क्षेत्रबाट राइफल, गोली, मारिएको बँदेलसहित पक्राउ परेका पूर्वडीआईजी ज्ञानविक्रम शाह, बहालवाला सई सन्जय न्यौपाने र पूर्वउपसभामुख गंगाप्रसाद यादवका छोरा आकाश बहरखेर यादवलाई उन्मुक्ति दिन हतार–हतारमा बँदेल गडिएको थियो।


हनुमाननगर कंकालिनी नगरपालिका–१ कोशी ब्यारेज क्षेत्रबाट अवैध रूपमा बँदेल मारेर ल्याउँदै गर्दा इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक सुशान्त मिश्र नेतृत्वको प्रहरी टोलीले हतियारसहित उनीहरूलाई नियन्त्रणमा लिएको थियो। पक्राउ पर्नेहरूमा सुनसरीको इटहरी उपमहानगरपालिका–२ घर भएका नेपाल प्रहरीका पूर्वडीआईजी ज्ञानविक्रम शाह र विराटनगर–३ घर भएका नेपाल प्रहरीका बहालवाला सई सञ्जय न्यौपाने रहेका थिए।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिका ८ घर भएका पूर्वउपसभामुख गंगाप्रसाद यादवका छोरा आकाश बहरखेर यादव, तिरहुत–२ का लक्ष्मण मण्डल, हनुमाननगर कंकालिनी–२ का जर्नादन राउत, इटहरी २ का प्रदीप लिम्बू, राजविराज–७ का रविन दासलाई समेत पक्राउ गरिएको थियो। यसैगरी हनुमाननगर कंकालनी नगरपालिका–५ का ओमशंकर प्रसैला, वडा नम्बर–१ का लक्ष्मण मण्डल, वडा नम्बर–३ का शंकर खिडहरी यादवलाई पनि पक्राउ गरिएको थियो।

प्रहरीले उनीहरूको साथबाट २२ क्यालिबरको राइफल एकवटा, म्यागजिन दुई, १५ राउन्ड गोली, तीनवटा वाइनाकुलर, ट्राइपड एक, फलामको हथौडा एक, खुर्पा एक पनि बरामद गरेको थियो। यस्तै मारिएको बदेल लोड गरिएको को २ त ६९ नम्बरको ट्याक्टर र प्र ३ – ०१– ०२२ च ६८५५ नम्बरको स्कारपियो जिपसमेत नियन्त्रणमा लिएको थियो।

सप्तरीका प्रहरी प्रमुख एसपी गजुसिद्धि बज्राचार्य र इलाका प्रहरी कार्यालय कञ्चनपुरका डीएसपी महेन्द्र नेपालको निर्देशनमा शिकारीहरूले मारेको बँदेल बेवारिसे भन्दै सब–डिभिजन वन कार्यालयमा बुझाई पक्राउ गरिएका पूर्वडीआइजी शाहसमेत १० जनालाई गत बिहीबार नै छोडिएको थियो।

# ३० वर्षपछि एकसाथ काम गर्दै आमिर खान र रजनीकान्त !



काठमाडौं, १६ भदौ। बलिउड अभिनेता आमिर खानले आफ्नो पछिल्लो फिल्म 'लाल सिंह चढ्ढा' असफल भएपछि अभिनयबाट ब्रेक लिने घोषणा गरेका थिए। तर उनी आफ्नो प्रोडक्सनबाट बन्ने फिल्म 'सितारे जमीन पर' मा अभिनय गर्दैछन्। यसैबीच उनी लोकेश कनगराज निर्देशित फिल्म 'कुली' मा देखिने चर्चा चलेको छ। यस फिल्ममा अभिनेता रजनीकान्तको मुख्य भूमिका छ। भारतीय सञ्चारमाध्यम पिंकभिलाका अनुसार लोकेश कनगराजले हालै आमिर खानसँग फिल्मको बारेमा कुराकानी गरेका थिए। फिल्ममा आमिरको केमियो भूमिका हुनेछ। तर निर्माण टिमले हालसम्म औपचारिक जानकारी दिएको छैन। आमिर खान र रजनीकान्तले फिल्म 'आतंक ही आतंक' मा एकसाथ काम गरेका थिए। यो फिल्म सन् १९९५ मा प्रदर्शन भएको थियो।

# नगरपालिकाले वृद्धि गरेको करका विरुद्ध माओवादी केन्द्रले बुझायो ज्ञापन

सिरहा, १६ भदौ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) गोलबजार नगर कमिटीले गोलबजार नगरपालिकामा ज्ञापन पत्र बुझाएको छ। नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि मालपोत लगायतका अन्य करको दरमा अत्यधिक वृद्धि गरेको विरोधमा ज्ञापन पत्र बुझाइएको हो। पार्टीद्वारा तयार ज्ञापन पत्रमा भनिएको छ, 'गोलबजार नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नगरसभाले पारित गरेको जग्गामा लाग्ने मालपोत (कर) वृद्धि र भूमि वर्गीकरण प्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ।'

कृषक र कृषि क्षेत्रलाई अनुदान र आधुनिकीकरण गर्न टेवा पुऱ्याउँदै आत्मनिर्भर बनाउनुपर्नेमा कृषकको ढाड सेक्ने र कृषि व्यवसायलाई धराशायी बनाउने नगरपालिकाको नीति तथा कार्यक्रमप्रति पार्टीले खेद प्रकट गरेको ज्ञापन पत्रमा उल्लेख छ। ज्ञापन पत्रमा उल्लिखित भए अनुसार गोलबजार नगरपालिका आफैँमा विविधतापूर्ण कृषि क्षेत्र हो भन्दै यो



तरकारी, फलफूल, धान, मकै, दलहन, तेलहन लगायतका बाली उत्पादन हुने क्षेत्र हो। नगरले यस क्षेत्रको विकासमा टेवा पुग्ने गरी नीति, कार्यक्रम तथा योजनाहरू तर्जुमा गर्नुपर्नेमा सामन्ती जमिनदारी प्रथाको मालपोत भन्दा पनि चर्को कर निर्धारणले यहाँको सरकार आम जनताप्रति अनुत्तरदायी रहेको प्रमाणित गरेको छ सो पार्टीले आरोप लगाएको छ। पार्टीले ज्ञापन पत्रमार्फत आर्थिक वर्ष २०८१/०८२ मा वृद्धि गरिएको मालपोत (भूमि कर) एक हप्ता (७ दिन) भित्र खारेज गरी जग्गाको वर्गीकरण र मूल्याङ्कन वैज्ञानिक ढङ्गले गर्न माग गरिएको छ। अन्यथा विभिन्न चरणका संघर्षका कार्यक्रमहरू घोषणा गर्न बाध्य हुने भन्दै अल्टिमेटम दिएको छ। पत्रकारहरूको जिज्ञासामा उत्तर दिँदै नेता प्रवेश लामाले भने,'जनताको प्रत्यक्ष जीवन र सरोकारसँग गाँसिएको सवाल कर हो। करको दायरा बढाउने हो। करको दर बढाएर जनताको शोषण गर्ने होइन। अहिले बढाइएको कर अत्याचारी कदम हो। हामी यसमा संघर्ष गर्छौं।'

**ज्ञापन पत्रमार्फत राखिएका मागहरू**

आर्थिक वर्ष २०८१/०८२ मा वृद्धि गरिएको मालपोत (भूमि कर) खारेज गरी जग्गाको वर्गीकरण र मूल्याङ्कन वैज्ञानिक ढङ्गले गरियोस्। सिफारिस शुल्क सहज/सुलभ र अन्य शीर्षकमा गरिएको कर वृद्धि आर्थिक मन्दीको मारमा परेका जनताको अवस्थालाई मध्यनजर गरी खारेज गरियोस्। नागरिकले कानुन बमोजिम सूचना माग्दा कानुनले तोकेको समयावधि भित्र सरल र सहज तरिकाले सूचना उपलब्ध गराइयोस्। हाट बजार ठेक्का र असुली पारदर्शी गरियोस्। नगरपालिकाको निर्माणाधीन प्रमुख प्रशासकीय भवन निर्माण कार्य अविलम्ब सुचारु गरियोस्। सार्वजनिक शिक्षा र स्वास्थ्य सेवालाई प्रभावकारी तथा सबलीकरण गरियोस्। विकास निर्माणको काममा पारदर्शिता र सुशासन कायम गरियोस्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)